आज मिति २०७८।१०।१० गते सोमबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | रामप्रसाद |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | राजदेव |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | अनिता |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मिति २०७८।१०।१०

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) मि.न.पा. कार्यालयको आ.व.२०७८।०७९ को नगरस्तरीय कार्यक्रम अन्तर्गत ब.शि.नं.२०८ र २०९ मा रहेको सडक कालोपत्रे गर्न विनियोजित रु.९०,००,०००।- र रु.६०,००,०००।- योजना र तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत सडक कालोपत्रे गर्न लागत साझेदारी समेत रु.५२,००,०००।- को योजना उपभोक्ता समिति मार्फत सम्पादन गराउने सम्बन्धमा ।

प्रस्ताव नं.२) मि.न.पा. वडा नं.११ स्थित श्री माध्यामिक विद्यालय तुलसीचौडाबाट विद्यालयको चारकोठे भवनमा निर्माण कार्य सम्पन्न गर्न रकम माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.३) मि.न.पा. वडा नं.२ बाट मोहम्मद मकिमले आफ्नो बुवा आंखा नदेख्ने र हातखुट्टा काम नगर्ने अशक्त भएकोले औषधी उपचार र खानपिनको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.४) मि.न.पा. वडा नं.६ कार्यालयबाट गोविन्द यादवको बुहारी श्रीमती श्रीदेवी यादवको मृगौलाको उपचार गर्न आर्थिक सहयोग माग भएको सम्वन्धमा ।

प्रस्ताव नं.५) मि.न.पा. वडा नं.११ बाट राजु कार्कीले तल्लो तुलसीमा चौतारा निर्माण कार्य सम्पन्न भएको हुंदा सो वापत रु.१,२०,०००।- भुक्तानी माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.६) तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत आयोजना/कार्यक्रम माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.७) मि.न.पा. वडा नं.११ कार्यालयबाट जिराय डांडामा सडक निर्माणको लागि विनियोजित रु.१०,००,०००।- ले नपुग भएको हुदा थप रु.५,००,०००।- विनियोजित हुन माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.८) मि.न.पा. क्षेत्र भित्रका सामादायीक विद्यालयका प्रधान अध्यापकहरुको शैक्षिक भ्रमणको लागि नपुग रकम माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.९) मि.न.पा. वडा नं.११ बाट श्री देउराली माध्यमिक विद्यालयबाट भवन निर्माणको लागि रकम माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१०) मि.न.पा. वडा नं.११ कार्यालयबाट चुरेदेखि दुधपानी सम्मको बाटो विस्तार गर्न विद्युत पोल स्थानान्तर गर्नपर्ने भएको हुंदा रकम व्यवस्थाको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.११) सामाजिक सुरक्षा शाखाका एम आइ एस अपरेटर र फिल्ड सहायकहरुको कार्य निरन्तरता सम्बन्धमा ।

प्रस्ताव नं.१२) मि.न.पा. वडा नं.६ बाट वलडांडामा अधुरो मन्दिर र धर्मशाला निर्माणको लागि आर्थिक सहयोग माग भएको सम्वन्धमा ।

प्रस्ताव नं.१३) मि.न.पा. वडा नं.१ कार्यालयबाट आनन्दपुरमा खानेपानी प्रयोजनको लागि दुई थान ह्याण्ड पम्प उपलब्ध गराउन अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.१४) मि.न.पा. वडा नं.९ कार्यालयबाट रामप्रकाश चमारको पत्नी जगतारण देवी चमारलाई आफ्नो पतिको मृत्यु भएको हुंदा काजकिरिया गर्न आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१५) विभिन्न मितिमा भएको कार्यक्रमको खाजा, चिया, पानीको बिल रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं.१६) मि.न.पा. वडा नं.३ स्थित श्री जनता माध्यामिक विद्यालय हरिहरपुरबाट २ कोठे अधुरो भवन निर्माण कार्यको लागि रकम उपलब्ध गराउन माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१७) मि.न.पा. वडा नं.७ कार्यलयबाट श्री तारा खड्का (परियार) अति विपन्न परिवार र आर्थिक अवस्था निकै कमजोर भएको हुंदा जीवन रक्षाको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१८) मिथिला नगर पत्रकार संजालबाट तालिम कार्यक्रम र कार्यालय स्थापनाको लागि रकम माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१९) मि.न.पा. कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषि विकास शाखाबाट संचालन हुने धान प्रवर्धन कार्यक्रमको क्रियाकलापहरु स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२०) मि.न.पा. कार्यालयको प्रशासकिय भवनको डि.पि.आर. अद्यावधिक गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२१) मि.न.पा. वडा नं.१० कार्यालयबाट शान्तिमाया परियारलाई मोटरसाइकलले दुर्घाटना गराई उक्त मोटरसाइकल बेपत्ता भएकोले औषधी उपचारको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.२२) मि.न.पा. कार्यालयको आ.व.२०७८।०७९ को लागि नेपाल सरकार नगद अनुदान स्रोतबाट लैंगिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्रतर्फ सामुदायिक विकास संस्था, ढल्केवर मार्फत संचालन हुने कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२३) लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७८ पारित गर्ने सम्बन्धमा ।

**बैठकका निर्णयहरु :**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा मि.न.पा. कार्यालयको आ.व.२०७८।०७९ को नगरस्तरीय कार्यक्रम अन्तर्गत ब.शि.नं.२०८ र २०९ मा रहेको सडक कालोपत्रे गर्न विनियोजित रु.९०,००,०००।- र रु.६०,००,०००।- को योजना र तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत मि.न.पा. वडा नं.७ मा सडक कालोपत्रे गर्न लागत साझेदारी समेत रु.५२,००,०००।- को योजना उपभोक्ता समितिकोतर्फबाट लागत सहभागीता वापत ४० प्रतिशत भन्दा बढी थप कार्य हुने गरी कार्य सम्पादन सम्झौता गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा मि.न.पा. वडा नं.११ स्थित श्री माध्यामिक विद्यालय तुलसीचौडाको च.नं.५९ मिति २०७८।०९।११ को पत्रबाट विद्यालयको चारकोठे भवनको बाहिरी भागमा प्लाष्टर गर्न, झ्यालका पल्लाहरु निर्माण गर्न तथा बाहीरी भागको माथिल्लो तलामा रेलिङ निर्माण कार्य सम्पन्न गर्न रकम माग भएकोमा उक्त कार्यको लागि नगर शिक्षा कोषबाट रु.४,००,०००।- (अक्षरेपी चार लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा मि.न.पा. वडा नं.२ बाट मोहम्मद मकिमले आफ्नो बुवा आंखा नदेख्ने र हातखुट्टा काम नगर्ने अशक्त भएकोले औषधी उपचार र खानपिनको व्यवस्था गर्न आफ्नो क्षमता नभएको हुंदा आर्थिक सहयोगको लागि यस न.पा.कार्यालयमा मिति २०७८।०९।२९ मा निवेदन पेश गर्नु भएकोमा निजलाई विपन्न नागरिक उपचार सहायता कोषबाटरु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा मि.न.पा. वडा नं.६ कार्यालयको च.नं.१३३० मिति २०७८।०९।२६ को पत्रबाट गोविन्द यादवको बुहारी श्रीमती श्रीदेवी यादव मृगौला सम्वन्धी रोगले ग्रसित भएको र आर्थिक अवस्था अति कमजोर भएकोले औषधी उपचार गर्न आर्थिक सहयोग माग भएकोमा निजलाई विपन्न नागरिक उपचार सहायता कोषबाट रु.१५,०००।- (अक्षरेपी पन्ध्र हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा मि.न.पा. वडा नं.११ बाट राजु कार्कीले तल्लो तुलसीमा नगर प्रमुखज्यूको मौखिक आदेश बमोजिम चौतारा निर्माण कार्य सम्पन्न भएको हुंदा सो वापत रु.१,२०,०००।- भुक्तानी माग भएकोमा उक्त कार्यको लागि विपन्न समुदायहरुलाई फर्निचर तथा फिक्चर्स खरिद शिर्षकबाट रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रलाय, तराई-मधेश समृद्धि कार्यक्रमको च.नं.४५ मिति २०७८।०९।३० को पत्रबाट तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ बमोजिम हुने गरी कार्य सञ्चालन गर्न योजना/कार्यक्रम मागको लागि लेखि आएको हुंदा उक्त कार्यक्रम अन्तर्गत यस न.पा. कार्यलयबाट तोकिएको लागत सहभागीता व्यहोर्ने गरी मि.न.पा. वडा नं.१, ६ र ७ मा रिङ्ग रोड निर्माण गर्ने, मि.न.पा. वडा नं.७ ढल्केवर स्वास्थ्य चौकी देखि वायर फ्याक्ट्री सम्म सडक स्तरोन्नती गर्ने र मि.न.पा. वडा नं.३ मा सामुहीक भवन (मुसहर वस्ती) निर्माण गर्ने योजना माग गरी पठाउने निर्णय पारित गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा मि.न.पा. वडा नं.११ कार्यालयको च.नं.६३४ मिति २०७८।०९।२७ को पत्रबाट आ.व.२०७८।०७९ को वडास्तरीय बजेट शि.नं.२१ मा रहेको जिराय डांडामा सडक निर्माणको लागि विनियोजित रु.१०,००,०००।- बाट उक्त कार्य सम्पन्न गर्न रकम नपुग भएको हुंदा थप रु.५,००,०००।- विनियोजित हुन माग भएकोमा उक्त कार्यको लागि नगर मर्मत सम्भार कोषबाट रु.५,००,०००।- (अक्षरेपी पांच लाख मात्र) व्यवस्था गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा मि.न.पा. क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुका प्र.अ.हरुबाट शैक्षिक आवलोकन भ्रमण गर्न रु.४,४१,७००।- को लागत अनुमान खुलाई मिति २०७८।०८।१५ मा यस न.पा. कार्यालयमा आर्थिक सहयोगको लागि निवेदन पेश भएकोमा उक्त कार्यको लागि यस न.पा. कार्यापालिकाको मिति २०७८।०९।०४ को बैठकबाट नगर शिक्षा कोषबाट रु.२,२१,०००।- उपलब्ध गराउने निर्णय भएकोमा सामुदायीक विद्यालयका प्रधान अध्यापकहरुबाट उक्त शैक्षिक अवलोकन भ्रमणमा जम्मा रु.३,००,०००।- खर्च भएको हुंदा नपुग रु.७९,०००।- थप सहयोगको लागि मिति २०७८।०९।३० मा यस न.पा.कार्यालयमा निवेदन पेश गरेकोमा नगर शिक्षा कोषबाट थप रु.७९,०००।- (अक्षरेपी उनान्असी हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा मि.न.पा. ११ स्थित श्री देउराली माध्यमिक विद्यालयको च.नं.८९ मिति २०७८।०९।२५ को पत्रबाट यस वर्षको वर्षाको कारणले विद्यालय नजिक रहेको डांडाबाट रुख, पहिरो आई केही कक्षाकोठा भत्किन गई पठनपाठनमा समेत अवरोध आएको साथै विद्यालयको शैक्षिक गतिविधिलाई अझै गुणत्मक बनाउनको लागि रिटेनिङ वाल, भवन रंगरोगन र बालकक्षा सजावतको लागि आर्थिक सहयोग माग भएकोमा उक्त कार्यको लागि नगर शिक्षा कोषबाट रु.२,००,०००।- (अक्षरेपी दुई लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

प्रस्ताव नं.१०) प्रस्ताव नं.१० मा छलफल गर्दा मि.न.पा. वडा नं.११ कार्यालयको च.नं.६७० मिति २०७८।१०।०९ को पत्रबाट चुरेदेखि दुधपानी सम्मको मूलबाटो विस्तार गर्न बाटोको बिचबिचमा रहेको विद्युत पोल स्थानान्तर गर्नुपर्ने भएको हुंदा उक्त कार्यको लागि नेपाल विद्युत प्राधिकरण सिन्धुली बितरण केन्द्रको च.नं.४५४ मिति २०७८।०९।२० को पत्रसाथ प्राप्त लगत इष्टिमेट बमोजिम रु.४,१८,०४९।२१ लाग्ने भएको हुंदा उक्त रकम व्यवस्थाको लागि अनुरोध भएकोमा उक्त कार्यको लागि नगरपालिका भरी विद्युतिकरण गर्न नेपाल विद्युत प्राधिकरणसंग नगरपालिकाको तर्फबाट साझेदारी शिर्षकबाट रु.३,००,०००।- (अक्षरेपी तीन लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.११) प्रस्ताव नं.११ मा छलफल गर्दा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं.१२०४ मिति २०७८।०९।२७ को पत्रबाट स्थानीय तहमा कार्यरत कम्तीमा १/१ जना एम.आइ.एस. अपरेटर र फिल्ड सहायकहरुको वि.सं.२०८० सम्म कार्य निरन्तरताको लागि स्थानीय तहबाट श्रोत साझेदारीको लागि प्रतिबद्धता माग भएकोमा यस न.पा.कार्यालयमा कार्यरत दुई जना एम.आइ.एस. अपरेटर र एक जना फिल्ड सहायक गरी जम्मा तीन जना कर्मचारीको आगामी आ.व.२०७९।०८० को लागि पारिश्रमिक रकमको आधा रकम अर्थात छ महिना बराबर हुन आउने बजेट साझेदारीको लागि प्रतिबद्धतापत्र उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१२) प्रस्ताव नं.१२ मा छलफल गर्दा मि.न.पा. वडा नं.६ बाट वलडांडामा अधुरो मन्दिर र धर्मशाला निर्माणको लागि मिति २०७८।०८।०५ मा मन्दिर संचालक समितिको निर्णय अनुसार माधव ठाकुर मन्दिरको धर्मशाला बनाउनको लागि आर्थिक सहयोग माग भएकोमा उक्त कार्यको लागि सबै जातजातिका लागि भाषा, संस्कृति प्रवर्द्धन कार्यक्रम शिर्षकबाट रु.२,५०,०००।- (अक्षरेपी दुई लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१३) प्रस्ताव नं.१३ मा छलफल गदा मि.न.पा. वडा नं.१ कार्यालयको च.नं.७५६ मिति २०७८।१०।१० को पत्रबाट आनन्दपुरमा खानेपानी प्रयोजनको लागि २ (दुई) थान ह्याण्ड पम्प उपलब्ध गराउन अनुरोध भएकोमा उक्त कार्यको लागि विपन्न समुदायहरुलाई फर्निचर तथा फिक्चर्स खरिद शिर्षकबाट २ (दुई) थान ह्याण्ड पम्प खरिद गरि वडा कार्यालयलाई उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१४) प्रस्ताव नं.१४ मा छलफल गर्दा मि.न.पा. वडा नं.९ कार्यालयको च.नं.१५४४ मिति २०७८।१०।१० को पत्रबाट रामप्रकाश चमारको पत्नी जगतारण देवी चमारलाई आफ्नो पतिको मिति २०७८।०९।२३ मा मृत्यु भएको र पतिको काजकिरिया गर्न आफु अति विपन्न भएकोले आर्थिक सहयोग माग भएकोमा निजलाई काजकिरिया खर्च वापत अन्य समाजिक सहायता शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१५) प्रस्ताव नं.१५ मा छलफल गर्दा विभिन्न मितिमा भएको नगर अधिवेशन (ने.क.पा. एमाले), सुकुम्बासी समस्या समाधान आयोगको कार्यक्रम, सार्वजनिक सुनुवाई कार्यक्रम, आगन्तुक प्रतिनिधि सत्कार, टेण्डर बैठकको खाजा, सुकुम्बारी जिल्ला संगठनको कार्यक्रम वापत बजरंग मिष्ठान भण्डार, ढल्केबरको बिल थान ७ (सात) बमोजिम लागेको जम्मा रु.९६,२५०।- (अक्षरेपी छयानब्बे हजार दुई सय पचास मात्र) भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१६) प्रस्ताव नं.१६ मा छलफल गर्दा मि.न.पा. मि.न.पा. वडा नं.३ स्थित श्री जनता माध्यामिक विद्यालय हरिहरपुरको च.नं.४५ मिति २०७८।०९।३० को पत्रबाट उक्त विद्यालयको २ कोठे अधुरो भवनको प्लाष्टर, सिढीघर, झ्यालढोका, रंगरोगन गर्नको लागि रकम उपलब्ध गराउन माग भएकोमा उक्त कार्यको लागि नगर शिक्षा कोषबाट रु.४,००,०००।- (अक्षरेपी चार लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१७) प्रस्ताव नं.१७ मा छलफल गर्दा मि.न.पा. वडा नं.७ कार्यलयको च.नं.११६१ मिति २०७८।०९।२७ को पत्रबाट महोत्तरी जिल्ला किसाननगर वढा नं.९ हाल मि.न.पा. वडा नं.७ निवासी श्री तारा खड्का (परियार) अति विपन्न परिवार र आर्थिक अवस्था निकै कमजोर भएको हुदा जीवन रक्षाको लागि आर्थिक सहयोग माग भएकोमा निजलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.५,०००।- (अक्षरेपी पांच हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१८) प्रस्ताव नं.१८ मा छलफल गर्दा मिथिला नगर पत्रकार संजालको च.नं.१ मिति २०७८।०९।१८ को पत्रबाट पत्रकारिता तालिम कार्यक्रम र कार्यालय स्थापना तथा संचालनको लागि आर्थिक सहयोग माग भएकोमा उक्त कार्यको लागि रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१९) प्रस्ताव नं.१९ मा छलफल गर्दा मि.न.पा. कार्यलयको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषि विकास शाखाबाट संचालन हुने धान प्रवर्धन कार्यक्रमको क्रियाकलापहरु निम्नानुसार हुने गरी स्वीकृत गर्ने निर्णय पारित गरियो ।

| क.सं. | क्रियाकलाप | रकम |
|---|---|---|
| १ | चैते धान क्षेत्र विस्तार | १,००,०००।- |
| २ | मिनी कम्वाइन आरवेस्टर | १३,००,०००।- |
| ३ | सान सिंचाई | ४,५०,०००।- |
| ४ | हरियो मल प्रर्दशन | १,००,०००।- |
| ५ | सुक्ष्म तत्व प्रदर्शन | १,००,०००।- |
| ६ | वाली संरक्षण | १,००,०००।- |
| ७ | सिड किट (नयां जात मिनिकीट वितरण) | १,००,०००।- |
| ८ | साना औजार उपकरण वितरण (मिनिटीलर, थ्रेसर, तौलने मेशिन) | ५,००,०००।- |
| ९ | अभिमुखीकरण र अनुगमन निरीक्षण | १,००,०००।- |
| १० | तालिम | २,००,०००।- |
|  | **जम्मा** | **३०,५०,०००।-** |

निर्णय नं.२०) प्रस्ताव नं.२० मा छलफल गर्दा मि.न.पा. कार्यालयको प्रशासकिय भवन निर्माणको लागि आवश्यक प्रकृया उठान गर्ने क्रममा यस न.पा. कार्यालयको प्रविधिकको राय बमोजिम आ.व. २०७५।०७६ मा इम्पेरिकल इन्जिनियरिङ कन्सल्टेन्सी, अनामनगर, काठमाडौं मार्फत तयार गरिएको उक्त भवनको डि.पि.आर. अद्यावधिक गर्न आवश्यक भएको हुंदा उक्त कार्यको लागि सेवा परामर्श शिर्षकबाट रु.३,००,०००।- (अक्षरेपी तीन लाख मात्र) व्यवस्था गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२१) प्रस्ताव नं.२१ मा छलफल गर्दा मि.न.पा. वडा नं.१० कार्यालयको च.नं.६६८ मिति २०७८।०८।०७ को पत्रबाट शान्तिमाया परियारलाई मोटरसाइकले दुर्घाटना गराई उक्त मोटरसाइकल बेपत्ता भएको पर निजको आर्थिक अवस्था कमजोर रहेकोले औषधी उपचारको लागि आर्थिक संहयोग माग भएकोमा निजलाई औषधी उपचारको लागि अन्य सामाजिक सहायता शिर्षकबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२२) प्रस्ताव नं.२२ मा छलफल गर्दा मि.न.पा. कार्यालयको आ.व२०७८।०७९ को लागि नेपाल सरकार नगद अनुदान स्रोतबाट लैंगिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्रतर्फ सामुदायिक विकास संस्था मि.न.पा. ढल्केवर मार्फत कार्यक्रम संचालन गर्न विनियोजित रु.१५,००,०००।- बाट लैंगिक हिंसा निवारण तथा मानव वेचविखन नियन्त्रण विरुद्ध चेतनामुलक अभिमुखिकरण कार्यक्रम संचालन गर्न उक्त सामुदायिक विकास संस्थाको च.नं.०७।२०७८।०७९ मिति २०७८।१०।०३ को पत्रबाट प्रस्तावन-पत्र पेश भएकोमा उक्त प्रस्ताव स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२३) प्रस्ताव नं.२३ मा छलफल गर्दा यस मि.न.पा. कार्यपालिकाबाट लागु हुने पञ्च वर्षिय (२०७८-२०८२) लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७८ आगामी नगर सभाबाट अनुमोदन गराई कार्यान्वयन गर्ने निर्णय पारित गरियो ।